आज मिति २०८२/०८/७ गतेका दिन विहान ८:०० बजे यस मर्स्याङदी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री बल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री विज्ञान पौडेल

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

लेखा अधिकृत :- श्री मनी राना मगर



CamScanner

**मिति २०८२ मङ्सिर ७ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु :**

**निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।**

मिति २०८२/०७/१५ को मर्स्याङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था वारे यस बैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था बारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङ्गको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो ।

**निर्णय नं २ : आ.व. २०८२ /८३ को दोस्रो गाउँसभा सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाको २०औ अधिवेशन आ.व.२०८२/८३ को हिउदे अधिवेशन यही मिति २०८२/९/२० गते ११ वजे गाउँपालिकाको राष्ट्रकवि माधव प्रसाद घिमिरे हलमा गर्ने यस गाउँकार्यपालिकाको बैठकमा सर्वसहमतीले निर्णय गरियो ।

**निर्णय नं ३ : कार्यविधि पारित सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको लेखा परीक्षण कार्यलाई शुद्ध, निष्पक्ष र पारदर्शी बनाउने उद्देश्यले सामुदायिक विद्यालय लेखापरीक्षण कार्यविधि,२०८२ यस गाउँकार्यपालिकाको बैठकमा सर्वसंहमतीले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ वडा-नं. ४ को विपद व्यवस्थापन तथा आर्थिक सहायता वमोजिमको भुक्तानी अनुमोदन सम्बन्धमा:**

यस मर्स्याङ्दी गाउँपालिकाको चालु आ.व. २०८२/८३ को वडागत योजना तथा कार्यक्रम अन्तर्गत क्र.स. ९९ बिपद व्यवस्थापन तथा आर्थिक सहायता कार्यक्रम शिर्षकमा विनियोजित रु.१,५०,००० बाट वडा नं. ४ को मिति २०८२/०६/२६ गतेको वडा समितिको बैठकको निर्णय नं. ३ वमोजिम मिप्रा चौतारा र च्याम्चे नास्कुचे मोटरबाटो निर्माण गर्न क्रमशः रु.२५,००० र रु.३०,००० वजेट बाँडफाँड गरी मिति २०८२/०७/२३ को सोही वडाको सिफारिससहित संलग्न आवश्यक कागजात र मर्स्याङदी गाउँपालिको विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ संशोधित २०७५/०४/२७ को विधि १९ को (ङ) वमोजिम पालिका स्तरीय विपद व्यवस्थापन समितिका संयोजक एवं पालिका अध्यक्षबाट समेत स्वीकृत भई तपसिल वमोजिमको भएको भुक्तानी यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्व सम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

- मिप्रा चौतारा निर्माण उपभोक्ता समितिको संयोजक श्री शिर माया गुरुङ (ना.प्र.प.नं.४५-०१-७४-०४०७३) रु.२५,०००।-
- च्याम्चे नास्कुचे मोटरबाटो निर्माण उपभोक्ता समितिको संयोजक श्री रोहित तामाङ (ना.प्र.प.नं.४५-०१-७१-०३३३८) रु.३०,०००।-

मर्स्याङ्दी गाउँपालिका
गाउँपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं: ५: विपद व्यवस्थापन अन्तर्गत आवास निर्माण सम्बन्धमा।**

मर्स्याङ्दी गाउँपालिका वडा नं ८ निवासी काली देवी भन्ने डिल कुमारी रिमालको घर नभएको र पटक पटक गुनासो गरिरहेको साथै आर्थिक अवस्था पनि कमजोर भएकाले सशस्त्र प्रहरी वलको सहयोगमा लेवर उपलब्ध गराउने र पालिकाको तर्फबाट निर्माण सामाग्री र छाना छाउने कामको लागी इष्टिमेट गर्दा कुल रकम रु ९३,८४६.२२(अक्षरुपी त्रियानब्बे हजार आठ सय छयालिस रुपैया वाइस पैसा मात्र) रहेकोमा कामदारको लागी हुन आउने रकम सशस्त्र प्रहरी वलबाट व्यहोरिने हुदाँ सो रकम कट्टा गरी निर्माण सामाग्री तथा छाना छाउने कामका लागी मात्र पालिकाकोतर्फबाट व्यहोर्नुपर्ने रकम रु ७२,०००.०० (बहत्तर हजार रुपैया मात्र) श्री न्यू विश्वकर्मा सटर ग्रिल उद्योगको नाममा र उक्त निर्माण कार्य गर्ने क्रममा सशस्त्र प्रहरी वलका जवानहरुलाई खाजाको व्यवस्था गरिएकोमा सो कार्यका लागी रकम रु १३,०००.०० (अक्षरुपी तेह्र हजार रुपैया मात्र ) खर्च भएको हुदाँ उक्त रकम श्री पाथ अन्पुर्ण होटल एण्ड रेस्टुरेन्टको नाममा गरी एकमुष्ठ रकम रु ८५,०००.०० (अक्षरुपी पचासी हजार रुपैया मात्र) विपद व्यवस्थापन कोषबाट खर्च भुक्तानीको लागी यस गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकबाट सर्व सम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : मोटरसाईकल खरिद सम्बन्धमा ।**

यस पालिकामा रहेका सवारी साधन (मोटर साईकल) मध्य वडा नं. ७ मा रहेको मोटरसाईकल नं. ग.१ व.६५८ पुरानो भइ पटकपटक मर्मत गर्नु पर्ने र परलमुल्य भन्दा वढी मर्मत खर्च हुने अवस्था सिर्जना भएको हुँदा एक मोटर साइकल खरिद गर्न आ.व. ०८२/०८३ मा सवारी साधन खर्च उपशिर्षक नं. ३११२१ मा बजेट विनियोजन नभएकोले सो मोटरसाईकल खरिद गर्न आवश्यक पर्ने बजेट उपशिर्षक नं. ३११२२ मेसिनरी औजार खरिद शिर्षकमा विनियोजन भएको वजेट रकम रु.१६,००,०००।- वाट रु.४,००,०००।- (रु. चार लाख) रकमान्तर गरी वजेट उपशिर्षक नं. ३११२२ (सवारी साधन) रु. ४,००,०००।- (रु. चार लाख) वजेट विनियोजन गरी खरिद गर्न स्रोत निश्चित गरी आगामी हिउदे गाउँसभावाट स्वीकृत एवं अनुमोदन गर्ने गरी यस गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकवाट सर्व सम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : दुना टपरि बनाउने मेसिन खरिद सम्बन्धमा ।**

वढ्दो प्लास्टीक प्लेटहरुको प्रयोगको कारण पर्न जाने वातावरणीय प्रभावलाई न्युनिकरण गर्न र स्थानीय स्रोतको उपयोग समेत हुने, स्थानीय रोजगारी सिर्जना हुन सक्ने र लागत साझेदारीमा मेसिन उपलब्ध गराईदिन वडा नं. ९ मा माग भई आएको र वडा कार्यलयबाट सिफारिस समेत आएको हुँदा बजेट उपशिर्षक नं. ३११२२ मेसिनरी औजार खरिद शिर्षकमा विनियोजन भएको बजेटवाट भुक्तानी हुने गरी लागत साझेदारीमा एउटा दुना टपरि बनाउने मेसिन खरिद गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकवाट सर्व सम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

~~**निर्णय नं. ८ : राष्ट्रपति कप २०८२ सञ्चालन सम्बन्धमा ।**~~

**निर्णय नं. ८ : राष्ट्रपति कप २०८२ सञ्चालन सम्बन्धमा ।**

जिल्ला खेलकुद विकास समिति, लमजुङद्धारा आयोजना गरीने १७ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यस वर्ष मर्स्याङ्दी गाउँपालिकामा हुन गईरहेकोले सोका लागि जिल्ला खेलकुद विकास समिति, लमजुङलाई शिक्षा तर्फ राष्ट्रपति रनिङ शिल्ड शिर्षकमा विनियोजित वजेट रु.८,००,०००।- (अक्षरुपी आठ लाख रुपैया) बाट रु.४,००,०००।- (अक्षरुपी चार लाख मात्र) र यस प्रतियोगितामा मर्स्याङ्दी गाउँपालिकाको विद्यार्थीहरुलाई सहभागि गराउन आवश्यक सम्पूर्ण व्यवस्थापन खर्चको लागि खेलकुद विकास समिति, मर्स्याङ्दी गाउँपालिकालाई रु.४,००,०००।- (अक्षरुपी चार लाख रुपैया मात्र) वजेट उपलब्ध गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकवाट सर्व सम्मतिले अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थित तरिकावाट सम्पन्न गर्न आवश्यक सहयोग, अनुगमन र सहजिकरण गर्नको लागि देहाय वमोजिमको समिति गठन गर्ने समेत निर्णय गरियो

१. संयोजक, अर्जुन गुरुङ, अध्यक्ष मर्स्याङ्दी गाउँपालिका

२. सदस्य, जुनामाया थापा, उपाध्यक्ष, मर्स्याङ्दी गाउँपालिका

३. सदस्य, बिज्ञान पौडेल, प्रमुख प्रशासकीय अधिकृत, मर्स्याङ्दी गाउँपालिका

४. सदस्य, तिल बहादुर गुरुङ, संयोजक, सामाजिक विकास समिति, मर्स्याङ्दी गाउँपालिका

५. सदस्य, मिन रासी गुरुङ, वडा अध्यक्ष वडा नं. ६

६. सदस्य, घन श्याम घले, वडा अध्यक्ष वडा नं. ५

७. सदस्य सचिव, अर्जुन चपाई, प्रमुख, शिक्षा शाखा

**निर्णय नं: ९ : असाधरण विदा सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत भुलभुले स्वास्थ्य चौकी डादीमा स्थानीय स्वास्थ्य सेवा ,हे.ई.समूह, हे.अ.पदमा मिति २०७९-०४-०६ मा नियुक्ती भई हाल सम्म कार्यरत श्री विनिता कुमारी वि.सीले स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८०को नियम ११२ को उपनियम ३ को ख वमोजिम निजी प्रयासमा अध्ययन गर्न जानको लागि यस कार्यालयमा आवदेन पेश गरेकोले स्थानीय सेवा (गठन तथा सञ्चालन )नियमावली २०८०को नियम १२०(१) अनुसार१ वर्षको लागि असाधरण विदा स्वीकृत गर्ने यस गाउँकार्यपालिकाको वैठकमा सर्वसहमतीले निर्णय गरियो ।

**निर्णय नं: १०: इजाजतपत्र सम्बन्धमा।**

मर्स्याङ्दी गाउँपालिकाको "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र -सम्वन्धी कार्यविधि २०७५(पहिलो सशोधन)को दफा २ को उपदफा ३ वमोजिम गठित प्रविधिक समितिको सिफारीस अनुसार श्री पुजा कन्स्ट्रक्सन प्रा.लि. मर्स्याङ्दी गाउँपालिका ३ खुदी लमजुङलाई सोही कार्यविधिको दफा २ को ३ अनुसार "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने यस गाउँकार्यपालिकाको वैठकमा सर्वसहमतीले निर्णय गरियो ।

**निर्णय ११: आर्थिक सहयोग सम्बन्धमा ।**

❖ विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठि सम्वन्धि खर्च शिर्षकवाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

१. लमजुङ जिल्ला फुटवल संघ, वेसिशहर लमजुङ रु. ३०,०००।- (अक्षरुपी तिस हजार रुपैया मात्र)

❖ विविध कार्यक्रम खर्च (२२५२९) विपद् व्यवस्थापन कोष शर्षकवाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

१. मर्स्याङ्दी -४ स्थित पर्यटकिय स्थल अक्टोपस झरनामा निर्मित पर्खाल वर्षातको समयमा खोलाको वहाव बढ्न गई भत्किन गएको र उक्त स्थान जोखिम भएकोले उक्त पर्खाल निर्माण गर्नको लागि रु. १,५०,०००।- (अक्षरुपी एक लाख पचास हजार रुपैया मात्र) उपलब्ध गर्ने निर्णय गरियो ।

२. सुर्योदय प्राथमिक विद्यालय, मर्स्याङ्दी -५ मा विद्युतको लाईन सट भई कम्प्युटर लगायतको सामाग्रीहरु क्षति हुन पुगेकोले सामाग्री खरिद गर्न रु. १,००,०००।- (अक्षरुपी एक लाख रुपैया मात्र) उपलब्ध गर्ने निर्णय गरियो ।



CamScanner